**५. उजुरी दर्ता गर्नेः** (१) कसै उपर उजुरी दर्ता गर्दा वा उजुरी चलाउँदा प्रचलित कानून बमोजिम हकदैया पुगेको व्यक्तिले तोकिए बमोजिमको ढाँचामा सम्बन्धित शाखा/ईकाइ समक्ष उजुरी दर्ता गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम लिखित रुपमा निवेदन दिन असमर्थ पक्षले आफूले दर्ता गराउन चाहेको उजुरीको व्यहोरा मौखिक रुपमा सुनाएकोमा दर्ता अधिकारी वा तोकिएको व्यक्तिले सोहि व्यहोरा खुलाई निजले भने बमोजिम तोकिए बमोजिमको ढाँचामा उजुरी तयारा परि त्यस्तो उजुरी उजुरीवालाबाट सनाखत गराएर आवश्यक कारबही गर्नु पर्नेछ ।

(३) प्रचलित कानूनमा कुनै विशेष प्रक्रिया वा ढाँचा वा अन्य केहि उल्लेख भएको रहेछ भने सो सन्दर्भमा आवश्यक विवरण समेत खुलेको हुनुपर्नेछ ।

(४) कुनै किसिमको क्षतिपूर्ति भराउनुपर्ने अथवा बण्डा लगाउनुपर्ने अवस्थाको उजुरीको हकमा त्यस्तो क्षतिपूर्ति वा बण्डा वा चलनको लागि सम्बन्धित अचल सम्पत्तिको विवरण खुलेको हुनुपर्नेछ ।

**६. उजुरी दर्ता गरी निस्सा दिनेः** (१) दर्ता अधिकारीले दफा ५ बमोजिम प्राप्त उजुरी दर्ता गरी बादिलाई तारेख तोकि तोकिए बमोजिमको ढाँचामा उजुरी दर्ताको निस्सा दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तारेख दिनु पर्ने अवस्थामा तारेख तोक्दा तोकिए बमोजिमको ढाँचामा तारेख भरपाई खडा गरी सम्बन्धित पक्षको दस्तखत गराई मिसिल सामेल राख्नुपर्छ ।

(३) उपदफा (२) बमोजिम तारेख भरपाईमा तोकिएको तारेख तथा उक्त मितिमा हुने कार्य समेत उल्लेख गरी सम्बन्धित पक्षलाई तोकिए बमोजिमको ढाँचामा तारेख पर्चा दिनुपर्नेछ ।

**७. उजुरी दरपीठ गर्नेः** (१) दर्ता अधिकारीले दफा ५ बमोजिम पेश भएको उजुरीमा प्रक्रिया नपुगेको देखिए पुरा गर्नु पर्ने देहायको प्रक्रिया पुरा गरी अथवा खुलाउनु पर्ने देहायको व्यहोरा खुलाइ ल्याउनु भन्ने व्यहोरा लेखि पाँच दिनको समय तोकि तथा उजुरी दर्ता गर्न नमिल्ने भए सो को कारण सहितको व्यहोरा जनाई दरपीठ गरेमा बादीलाई उजुरी फिर्ता दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रक्रिया नपुगेको भनि दरपीठ गरी फिर्ता गरेको उजुरीमा दरपीठमा उल्लेख भए बमोजिमको प्रक्रिया पुरा गरी पाँच दिनभित्र ल्याएमा दर्ता गरी दिनुपर्छ ।

(३) उपदफा (१) बमोजिमको दरपीठ आदेश उपर चित्त नबुझ्ने पक्षले सो आदेश भएको मितिले तिन दिन भित्र उक्त आदेशको विरूद्धमा समिति समक्ष निवेदन दिनसक्नेछ ।

(४) उपदफा (३) बमोजिम दिएको निवेदन व्यहोरा मनासिब देखिए समितिले उपदफा (१) बमोजिमको दरपीठ बदर गरी  दर्ता गर्न आदेश दिनसक्नेछ ।

